जि.प्र.का.झापा द.नं.६१। ०५७/०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
दैनिक
# पूर्वसन्देश
PURBA SANDESH DAILY
purbasandesh.com

❑ वर्ष-२० ❑ अंक - ९३ ❑ २०८१ चैत्र १८ गते सोमबार ❑ Monday, 31 Mar. 2025 ❑ मूल्य ७ /-



## काठमाण्डू र तिघ्रे प्रजातन्त्र

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

**सिटी डेन्टल**
आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।
**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**
दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

**गंगा ट्राभल्स एण्ड टुर्स**
xfd| ;]fx?॥
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगरा
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
सम्पर्क:
गंगा ट्राभल्स एण्ड टुर्स,
दमक-५, बेल्डाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

## दमक ट्राफिकद्वारा झण्डै साढे ८ लाख राजश्व संकलन

**दमक/** झापास्थित ट्राफिक प्रहरी कार्यालय दमकले आर्थिक वर्ष २०८१-०८२ को फागुन महिनासम्ममा झण्डै साढे ८ लाख राजश्व संकलन गरेको छ । ट्राफिक प्रहरी कार्यालयले दिएको जानकारी अनुसार कारवाहीमा परेका विभिन्न सवारी साधनबाट ८ लाख ४० हजार १ सय राजस्व संकलन गरेको छ । प्राप्त विवरण अनुसार ७६ वटा ट्रक र टिफरबाट ५७ हजार ६ सय रूपैयाँको राजस्व संकलन भएको छ भने ५९ वटा बसबाट ४२ हजार ५ सय रूपैयाँको राजस्व संकलन भएको छ । त्यस्तै २ सय ८३ वटा कार र जिपबाट २ लाख २ हजार ५ सय रूपैयाँको राजस्व संकलन गरिएको ट्राफिक प्रहरी कार्यालय प्रमुख जनक तिम्सिनाले बताए ।

त्यस्तै ट्याक्टरबाट २० वटा सवारी साधनका लागि ३३ हजार ५ सय रूपैयाँ राजस्व उठाइएको छ भने, ७ सय ४१ मटरसाईकलबाट ५ लाख ५४ हजार रूपैयाँको राजस्व संकलन भएको छ । ४ सय ७३ सिटी र ट्याम्पोबाट २ लाख ४८ हजार ५ सय रूपैयाँको राजस्व उठाइएको छ । अन्य सवारी साधनहरू १ गरी ५ सय रूपैयाँको राजस्व संकलन भएको छ । १ हजार ६ सय ५५ वटा सवारी साधन कारवाहीमा पर्दा ८ लाख ४० हजार १ सय रूपैयाँको राजस्व संकलन भएको तिम्सिनाले बताए ।

पछिल्लो समयमा दुर्घट्ना न्युनिकरणमा ट्राफिक प्रहरी कार्यालय निकै कडाईका साथ चेकजाँच गर्ने र सकेसम्म दुर्घटना हुन नदिनेतर्फ सचेत र सजग भई सवारी साधन चलाउन अभिमुखीकरणसहित विभिन्न कार्यक्रम गरिरहेको र सोही अनुसार चेकजाँच गर्दै आएको कार्यालय प्रमुख तिम्सिनाले बताए ।

## लोकतान्त्रिक सरकारको निरंकुश व्यवहार !

# सर्वदलीय बैठकमा सबै दल अटाएनन्

पूर्वसन्देश समाचार

दमक । लोकतान्त्रिक गणतन्त्रको जगमा उभिएको सरकार एकतन्त्रीय निरंकुशताको बाटो अंगाल्न थालेको छ । आइतबारको संसदमा राजावादी भन्ने शब्द प्रयोग नगर्नदेखि सर्वदलीय बैठकमा दललाई निषेध गर्न समेत भ्याएको छ ।

सत्ता पक्षका सांसदहरूले सदनभित्र राजावादी शब्द प्रयोग गर्नेलाई कारबाही गर्न माग गरेपछि कारबाही गरेर देखाउन चुनौति दिंदै राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले राजावादी यहाँ छ । कारवाही गरेर देखाउ भन्दै आक्रोशित बने ।

सत्तापक्ष र प्रतिपक्ष दलका सांसदहरूबिच केहीबेर चर्काचर्की भएपछि प्रतिनिधिसभा बैठक केहीबेरका लागी स्थगित गरियो । बैठक सुरु भएको केही समयमै सदनभित्र सत्ता र प्रतिपक्षी उठेर वाद-प्रतिवादमा उत्रिए । सदनभित्र राजावादी शब्द प्रयोग गर्नेलाई कारबाही गर्न सत्तापक्षले माग गरेका थिए । यसको प्रतिवादमा राप्रपाका अध्यक्ष राजेन्द्र लिङदेनले कारवाही गरेर देखाउन चुनौती दिए ।

आइतबारको संसद बैठकमा गृहमन्त्री रमेश लेखकले १५ गतेको घटनाबारे जानकारी गराउन समय मागेका थिए । विपक्षीले प्रधानमन्त्रीले जवाफ नदिएसम्म सदन चल्न नदिने अडान लिएपछि बैठक स्थगित भएको हो । बैठकमा सहभागी एक सांसदका अनुसार सत्तापक्षका सांसदहरूले शुक्रबारको घटनालाई लिएर विपक्षीले बैठक अवरोध गर्न नहुने बताएका थिए ।

**सर्वदलीय बैठकमा राप्रपा र रास्वपालाई निषेध**

प्रधानमन्त्री केपी ओलीले आइतबार साँझ बोलाएको सर्वदलीय बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लाई निषेध गरिएको छ । गणतन्त्र पक्षधर भनिएको सर्वदलीय बैठकमा राप्रपा र रास्वपा दुवैलाई नबोलाइएको एमालेका मुख्य सचेतक महेश बर्तौलाले जानकारी दिए ।

शुक्रबार राजधानीको तीनकुनेमा राजावादीहरूले हिंसात्मक गतिविधि गरेपछि प्रधानमन्त्री ओलीले गणतन्त्र पक्षधरहरूको बैठक बोलाएका हुन् । राप्रपा राजावादी भए पनि रास्वपा गणतन्त्रलाई स्वीकार गरेर खोलिएको दल हो । यद्यपि यी दुवै दल ओली सरकारप्रति संसद् र सडकमा कडा रूपमा प्रस्तुत हुँदै आएका छन् ।

यस्तै उनले विपक्षी दलहरूले संसद् सञ्चालन हुन नदिएकोमा पनि असन्तुष्टि पोखे । सरकारले ल्याएको पाँचवटा प्रतिस्थापन विधेयक सोमबार १२ बजेसम्म दुवै सदनबाट अनुमोदन भइसक्नुपर्छ तर आइतबार सहमतिमै संसद् चलाउने दिनभरको प्रयास असफल भएको छ । 'सरकारले ल्याएको पाँच वटा प्रस्तिस्थापन विधेयक भोलि बेलुका १२ बजेसम्म दुवै सदनबाट अनुमोदन हुनुपर्छ । तर विपक्षी दलहरूले दुवै सदन चल्न नदिए पछि प्रधानमन्त्रीले सर्वदलीय बैठक बोलाएका हुन । त्यसो त आन्दोलनका क्रममा प्रहरीको गल्ति समेत देखिएको भए पनि एकपक्षीय ढंगबाट आन्दोलनको नाममा राप्रपाका नेतालाई जेलमा हालेर अनेकन मुद्दा लगाएर फसाउने प्रपञ्च गरिएको छ । राप्रपाका बाँकी ४ पेजमा ▸▸

## झापामा २० हजार हेक्टरमा चैते धानखेती

**झापा/** जिल्लामा २० हजार हेक्टर जमिनमा चैते धानखेती लगाइएको कृषि ज्ञान केन्द्र झापाले जनाएको छ । त्यसमध्ये आठ पालिकाको ४८ बिघा जमिनमा कृषि ज्ञान केन्द्रले नै आधुनिक प्रविधिको प्रयोग गरेर परीक्षणका लागि चैते धान रोपेको जनाएको छ । परम्परागत खेतीभन्दा मेसिनरीको प्रयोगले गरेको खेती सस्तो र उत्पादनसमेत बढी हुने कुरा किसानलाई प्रत्यक्ष जानकारी दिने उद्देश्यले कृषि यान्त्रिकीकरण प्रदर्शन कार्यक्रमअन्तर्गत मेसिनबाट चैते धान रोपाइँ (प्रविधि प्रदर्शन) गरेको केन्द्रका प्रमुख सागर विष्टले जानकारी दिए ।

उनले यस वर्ष १२० हेक्टर जमिनमा आधुनिक कृषि यान्त्रिकीकरणको प्रयोग गरेर चैत धान रोपाइँ भएको बताए । उनका अनुसार विगतमा ज्ञान केन्द्रले नमूना परीक्षणका लागि गरिएका सबै कृषि समूह र सहकारीले यस वर्ष पनि निरन्तर कृषि यान्त्रिकीकरणकै प्रयोग गरेर चैते धानखेती गरेका छन् ।

स्थानीय पालिकाहरूको सहयोगमा किसान समूहको छनोट गरी केन्द्रले विगतदेखि नै हर्दिनाथ-१ धान लगाउन प्रोत्साहन गर्दै आएको छ । उनले भने, "अन्य धानको तुलनामा राम्रो उत्पादन हुने हुँदा यही धानको बीउ रोप्न सिफारिस गर्ने गरेका छौं ।" यो धानको बीउ राखेको दिनदेखि १२० दिनमा पाक्ने उनको भनाइ छ ।

यस वर्ष गौरीगञ्ज गाउँपालिका, गौरादह नगरपालिका, शिवसताक्षी नगरपालिका, कमल गाउँपालिका, बुद्धशान्ति गाउँपालिका, अर्जुनधारा नगरपालिका, भद्रपुर नगरपालिका, हल्दिबारी गाउँपालिकामा कृषक समूहअन्तर्गत कृषियन्त्र प्रयोग प्रदर्शन गरिएको छ । छनोटमा परेका कृषि समूहलाई केन्द्रले धानको बीउ, बीउ राख्ने ट्रे र प्राविधिकलगायतमा सहयोग गरेको जनाएको छ ।

## केबुलकार निर्माण कार्य अघि नबढाउन सर्वोच्चको आदेश

**ताप्लेजुङ/** ताप्लेजुङमा रहेको प्रसिद्ध तीर्थस्थल पाथीभरा क्षेत्रमा केबुलकार निर्माण भइरहेको कार्यलाई यथास्थितिमा राख्न सर्वोच्च अदालतले आदेश दिएको छ । यामबहादुर लिम्बूसमेत निवेदक रहेको रिटमा न्यायाधीश शारंगा सुवेदीको एकल इजलासले हालसम्म भए गरेका कामहरु यथास्थितिमा राख्न आदेश दिएको हो ।

केबुलकार निर्माण कार्य रोक्न अन्तरिम आदेशको समेत माग गरिएको हुनाले विषयवस्तु प्रकृति र गम्भीरतालाई हेरी हालसम्म भए गरेका कारबाहीहरु यथास्थितिमा राख्न आदेश दिइएको छ । अन्तरिम आदेश जारी गर्ने, नगर्ने सन्दर्भमा छलफल गर्न सर्वोच्च अदालतले चैत २६ गते दुबै पक्षलाई झिकाउने भएको छ ।

यता पाथीभरामा क्षेत्रमा केबुलकार निर्माणको विरूद्धमा नो केबुलकार समुहद्वारा विरोध हुँदैआएको छ । यसै सन्दर्भमा केबुलकार निर्माणको क्रममा उत्पन्न समस्या र विवादलाई वार्ता र संवादको माध्यमबाट समस्याको शान्तिपूर्ण समाधानका बाँकी ४ पेजमा ▸▸

## ताप्लेजुङमा आगलागीका घटना बढ्दै

***ताप्लेजुङ/*** *जिल्लामा पछिल्लो समय आगलागीका घटना बढिरहेका छन् । विशेष गरी सुक्खायाम सुरू भएसँगै आगलागीको जोखिम उच्च बनेको हो । गत आइतबार मेरिङ्देन गाउँपालिका-५ सिङ्थाप गाउँमा दिउँसो ३ बजे सन्तोष तामाङको घरमा आगलागी भयो । केहीबेरमा घर जलेर पूर्ण रूपमा नष्ट भएपछि तामाङ परिवार विस्थापित हुनुपर्‍यो । यस घटनाबाट करिब रू छ लाख बराबरको क्षति भएको छ ।*

*यसैगरी, मङ्गलबार आठराई त्रिवेणी गाउँपालिका-२ फूलबारी चोकपुर गाउँका लालबहादुर कालीकोटेको घरमा आगलागी हुँदा उनको परिवार पनि विस्थापित भयो । अघिल्लो आइतबार फुङ्लिङ नगरपालिका-३ साउनेपानी गाउँमा प्रेम निरौलाको घरमा आगलागी भयो । नगरपालिकाले दमकलको सहयोगमा आगो नियन्त्रणमा लिए पनि उक्त घटनाबाट रू चार लाख बराबरको क्षति भएको नगर कार्यालयले जनाएको छ ।* बाँकी ४ पेजमा ▸▸

## दमकका ट्राफिक लाइटहरू प्रयोगविहीन

सुजन गौतम

**दमक/** झापा-सवारी दुर्घटना न्यूनीकरण र ट्राफिक नियमको प्रभावकारी कार्यान्वयनका लागि जडान गरिएका ट्राफिक लाइटहरु अहिले दमकमा प्रयोगविहीन बन्न पुगेका छन्। दमक नगरपालिकाको वडा नं. ५ बेल्डाँगी रोड र वडा नं. ६ का विभिन्न स्थानहरूमा जडान गरिएका ट्राफिक लाइटमध्ये केही बिग्रिएका छन् भने केही पूर्णरूपमा प्रयोगमै नरहेका छन् ।

ट्राफिक व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले रंगीन सिग्नल बत्तीहरूको माध्यमबाट सवारी चालक र पैदलयात्रीलाई संकेत दिने गरिन्छ । तर, दमकमा जडान गरिएका ट्राफिक लाइटहरूको उचित मर्मत तथा सञ्चालन नभएको कारणले ती सवारी साधन र पैदल यात्रु दुबैका लागि मार्गनिर्देशक बन्न सकेका छैनन् ।

स्थानीय बासिन्दाहरुका अनुसार ट्राफिक लाइटहरु केही समय बलेपछि बन्द भए र त्यसपछि पुनः सञ्चालनमा ल्याउने प्रयास समेत गरिएन। नगरपालिकाद्वारा ठोस पूर्वाधार निर्माण बिना हचुवामा आयोजना अघि बढाइएको तथा त्यसको दीर्घकालीन उपयोगबारे सोचविचार नगरेको आरोप उनीहरूले लगाएका छन् ।

स्थानीय चन्द्र प्रसाद उपाध्याय खतिवडाले भने, "ट्राफिक लाइट जडान गरिएको छ तर न उपयुक्त स्थानमा छ, न प्रयोगमै छ । यस्तो लाग्छ, केवल देखावटीका लागि गरिएको योजना हो । न ट्राफिक नियमको पालना भएको छ, न ट्राफिक लाइटको कुनै अर्थ बाँकी छ ।"

यसैबीच ट्राफिक प्रहरी कार्यालय र सम्बन्धित निकायहरूले समेत ट्राफिक लाइटहरूको अनुगमन नगरेको र त्यसको प्रयोगबारे कुनै जिम्मेवारी नलिएको भन्दै आलोचना भइरहेको छ ।

सडकमा यात्रुहरूले मनोमानी ढंगले बाटो काट्ने र सवारी साधन अनियमित रूपमा गुड्ने अवस्थाले दुर्घटनाको सम्भावना बढाएको भन्दै स्थानीयहरु चिन्तित छन् । यसतर्फ सरोकारवाला निकायको छिटो ध्यान जानु आवश्यक देखिएको छ, अन्यथा ट्राफिक लाइटजस्ता

## बेलबारीमा तास खेल्ने पक्राउ

**बेलबारी/** मोरङको बेलबारीमा रहेको एउटा होटलमा सञ्चालित तासको खाल (तासको अड्डा)मा प्रहरीले छापा हानेको छ । होटलको तास खालमा छापा हानेर प्रहरीले ८ जनालाई पक्राउ गरेको छ ।

तास खेलिरहेको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय बेलबारीका इन्स्पेक्टर कृष्णबहादुर खत्री नेतृत्वको टोलीले बेलबारी नगरपालिका-१० भाउन्नेमा रहेको एक होटलमा शनिबार साँझ ६:४० बजेतिर छापा हानेको हो । त्यस क्रममा तास खेलिरहेका ८ जनालाई पक्राउ गरेको र उनीहरूको साथबाट १ लाख ५ हजार ८० रूपैयाँ नगद र ८ बुक तास बरामद गरिएको मोरङ प्रहरी प्रमुख एसपी नारायणप्रसाद चिमरियाले बताए । उनका अनुसार होटल सञ्चालक फरार भएका छन् ।

## स्वागत नेपाल रिहा, अन्यलाई म्याद थप

**काठमाडौं/** प्रहरीले अधिवक्ता स्वागत नेपाललाई रिहा गरेको छ । राजावादीले शुक्रबार राजधानीको तीनकुनेमा गरेको प्रदर्शनका क्रममा भएको हिंसात्मक घटनामा संलग्न रहेको आरोपमा पक्राउ गरेपनि प्रहरीले उनको घटनामा संलग्नता नदेखिएको निष्कर्षसहित रिहा गरेको हो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी अपिल राज बोहराले घटना भएको दिन उनी परीक्षामा रहेको पुष्टि भएकाले रिहा गरिएको बताए । नेपाललाई राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिको प्रवक्ता भनेर प्रचार गरिँदै आएको छ । उनी शुक्रबार नै पक्राउ परेका थिए ।

## दमकको ट्याक्सी स्टेशनमा हरियाली अभियान

**दमक/** "दमक सफा हुनुपर्छ ! हरियाली हुनुपर्छ ! "भन्ने नारासहित दमक ७ स्थित ट्याक्सी स्टेशनमा केही युवाहरूले हरियाली अभियान थालेका छन् । विभिन्न प्रजातिका ९३ वटा बिरुवा रोपेर त्यसलाई माया गर्दै हुर्काइरहेका ती युवाहरू अहिले बिरुवा संरक्षणमा देखिएको बेवास्ताले हैरान भएका छन् ।

स्थानीय युवाहरूको अगुवाइमा सुरु गरिएको यो अभियानमा बिरुवाहरू राम्ररी हुर्किएका छन्। तर, सो स्थान राजनीतिक दलहरूको सभा स्थलजस्तो बन्दै गएकाले बिरुवा तोडफोड र उखेलिने जस्ता गतिविधिहरूले उनीहरूलाई निराश बनाएको छ ।

"हामीले यो काम कुनै राजनैतिक लाभको लागि होइन, समाज सेवा र वातावरण संरक्षणका लागि गरेका हौं," स्वरोजगार हलुका सवारी श्रमिक



बाँकी ४ पेजमा ▸▸

**ठूलो ट्यांकीमा कम्प्रेसर प्रविधियुक्त**
**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

**A-One इटाको नयाँ उत्पादन बजारमा**
अत्याधुनिक प्रविधिबाट उत्पादित सिद्धकाली ब्रिक्स प्रा.लि. कमल-१ सोलमारीमा ठूलो साइजको A–One इटाको बुकिङ खुल्ला गरिएको छ ।
भट्टा सम्पर्क : विष्णु कार्की
९८५२६७०३०५/९८०२६२६५५/९८१६३१३२७१
म्यानेजर
९८०२६२६६४०
दमक सम्पर्क : लुसन कार्की
९८०२६२६६२८/९८५२६२६६२८

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय दमक झापाको**
**दर रेट पेश गर्ने सम्बन्धी सूचना**
प्रस्तुत बिषयमा दमक नगरपालिका वातावरण तथा विपद व्यवस्थापन समितिको निर्णय अनुसार दमक नगरपालिकामा वृक्षारोपण गरिएका विरुवाहरुको संरक्षणका लागि फलामको तारजाली निर्माण गर्नुपर्ने भएकोले इच्छुक फर्महरुले सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र दमक नगरपालिका वातावरण तथा सरसफाई शाखामा दररेट पेश गर्नुहुन अनुरोध छ
विस्तृत विवरणको लागि: damakmun.gov.np

# सम्पादकीय

## चोरी नियन्त्रणमा ध्यान दिन आवश्यक

दमकको वडा नं. ५ स्थित दिपेन्द्र अधिकारीको एक तले पक्कि घरको ताल्चा फुटाएर दिनदहाडै चोर पस्यो । शुक्रबार उक्त चोरले दराजसमेत खोलेर त्यहाँभित्रको सुन चोरी गरी भाग्ने क्रममा स्थानीयले लखेटेर समाएर प्रहरीलाई जिम्मा लगाए । उनी थिए दमक(५ मै बस्ने राजेश बराइली । उनी अन्य ठाउँमा समेत चोरी गरेर झोलाभरी तिलहरी, नौगेडी, लकेट, सिक्री, चुरा, टप, औठी गरी १२ लाख बराबरको ७ तोला सुन र १८ हजार नगद समेत बोकेका थिए । त्यो बरामद गरी प्रहरीले राखेको छ ।

यस्तै त्यसकै भोलिपल्ट अर्थात शनिबार दमक(२ को जिरायतमा रहेको ह्याप्पीमार्ट किराना पसलमा चोरी भयो । चोरले गल्ला फोरेर संकलित रकम ४० हजार रुपैयाँसहित १ लाखको चोरी गरेको सञ्चालक उदय श्रेष्ठले बताए । उक्त पसलबाट चोरले नगदसहित खाद्य सामग्री, इलेक्ट्रोनिक्स सामानलगायत चोरेका थिए । घटनास्थलको अनुसन्धान भईरहेको तर चोर अझै पक्राउ नपरेको अवस्था छ । मोटरसाइकललगायतका अन्य सामग्री चोरी भएपछि पत्रिकामा छाप्नेहरु उत्तिकै छन् ।

यि माथिका दमकको मुख्य बजार क्षेत्रभित्रै भएका चोरीका घटनाले पछिल्लो समय चोरहरुको बिगबिगी हुन थालेको बुझ्न कठिन हुँदैन । बेरोजगार, आर्थिक मन्दी, ब्यापार ब्यवसाय ठप्प भईरहेको अवस्थामा मानिसहरु दैनिकी कसरी चलाउने भन्ने चिन्तामा रहेका बेला हुने यस्ता चोरीबाट आम दमकबासी चिन्तामा छन् ।

यद्यपि दमकमा विगतको भन्दा चोरीमा निकै कमी आएको प्रहरीको भनाई रहेको छ । प्राप्त विवरण अनुसार २०७८/०७९ मा २२ वटा मात्र चोरीका घटना भएको छ भने ०७९/०८० मा बढेर ३८ पुगेको छ । त्यस्तै ०८०/०८१ मा बढेर ५० वटा घटना दर्ता इलाका प्रहरीका कार्यालय दमकमा दर्ता भएका छन । त्यसपछिको चालु आर्थिक वर्षको माघ महिनासम्म ५ वटा मात्र घटना दर्ता भएको देखिन्छ । जसमा श्रावणमा एउटा चोरीको घटना देखिएको छ भने त्यसपछि एकै पटक मंसिरमा २ वटा त्यसपछि माघसम्म १/१ मात्र घटना दर्ता भएको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ । यद्यपि समाजमा भएका घटनाहरु कति इलाकामा पुग्छन त कति पुग्दैन । प्रमाणित भएका घटना मात्र दर्ता हुने गरेको उनीहरुको भनाई छ । यद्यपि पर्याप्त प्रहरी नभईदिएको र सीमित स्रोत र साधनको प्रयोग गरेर सकेसम्म यस्ता घटना हुन नदिन प्रहरी हरपल लागिरहेको उनीहरु बताउँछन् ।

संगठितरूपमा हुने चोरीका घटनामा कमी आए पनि साधारण चोरीका घटनामा भने कमी आउन सकेको छैन । दिनदहाडै यति ठूला ठूला चोरी हुन थालेपछि रातमा झन के हुने हो भन्ने चिन्ता बढाएको छ ।

चोरीका घटना कम गर्न बजार, चोकमा लाइट बत्तिको अभाव देखिन्छ । सबैतिर बत्ति जडान गर्नुपर्ने आवश्यकता देखिएको छ भने सीसी क्यामेरा ठाउँ ठाउँमा हुन आवश्यक छ । यसैगरी प्रहरीको गस्ति बढाउनुपर्ने देखिन्छ । गाडीमा बसेर घुम्नु भन्दा पनि एउटा निश्चत ठाउँमा केही प्रहरी राखिदियो भने त्यसले निकै सहज गराउन सक्छ ।

समय

# काठमान्डू र तिघ्रे प्रजातन्त्र

### काठमान्डू अब टाउकाको संख्या र तिनको लडाईबाट प्राप्त 'उपलब्धी' लाई कसरी जोगाउन सक्छ ?



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

काठमान्डू संधै इतिहासको साक्षी बनेर बाँच्ने गर्छ । यसले हर समयका अकल्पनीय रंगहरूलाई हेरेको छ । देखेको छ । र बुझेको छ । यसले आफ्ना नयनभरी जिन्दावादका दृष्यहरू बोकेको छ । मूर्दावादका दृष्यहरू बोकेको छ । ढल्दै र ढाल्दै गरेका लाशहरू देखेको छ । भोका र थकित मान्छेहरूको एकमुठी चाउचाउ र अलिकति पानीसंग राज्यसंग मुकाविला गरिरहेका तन्नेरीहरू पनि देखेको छ । झुके चप्पल लगाएर उदाएका मान्छे अरबौंको संपत्तीका मालिक भएको पनि देखेको छ । राज्य लुट्न सिंह दरवार पसेका मानिसहरूको लावालस्कर पनि देखेको छ ।

आज काठमान्डू इतिहासका गह्रौं भारी बोकेर वर्तमान र भविष्यको अँध्यारो यात्रा तय गरिरहेको छ ।

काडमान्डूले तिघ्राको लडाई देखेको छ । अनि तिनैको जीत, तिनैको राज्य, तिनैको सत्ता देखेको छ । उसलाई पोलिरहेको छ भतभती, यस्तो बलको भरमा राज्य पाइने जंगली युगबाट कसरी मूक्ति पाउने ? काठमान्डू अब टाउकाको संख्या र तिनको लडाईंबाट प्राप्त 'उपलब्धी' लाई कसरी जोगाउन सक्छ ? किनभने् त्यस्तो 'उपलब्धी' त २००७ सालमा पनि आएको थियो 'उपलब्धी' तिघ्राको बलले । टिकाउन सकेन काठमान्डूले । १०१७ सालमा पनि आएको थियो 'उपलब्धी' तिघ्राको बलले । त्यसलाई पनि टिकाउन सकेन काठमान्डूले । २०४६ सालमा पनि ल्याइएको थियो, आएको थियो 'उपलब्धी' तिघ्राको बलले । त्यसलाई पनि टिकाउन सकेन काडमान्डूले । २०६३ सालमा पनि ल्याइएको थियो, आएको थियो 'उपलब्धी' तिघ्रको बलले । आज काडमान्डू त्यसलाई पनि टिकाइरहेको छैन । आज अर्को कुनै प्रकारको 'उपलब्धी' तिघ्रको बलले आयो भने पनि काठमान्डूले त्यसलाई जोगाउन सक्दैन । अर्को तिघ्रो जन्मिन्छ र यसलाई परास्त गरेर राज्य संयन्त्र कब्जा गर्ने छ ।

**यो तिघ्राको ❑उपलब्धी❑ को श्रङ्खला कहिलेसम्म रचना गरिरहनु काठमान्डूले ?**

बल अर्थात् तिघ्राको 'उपलब्धी' सभ्य, शिक्षित र बिकसीत समाजमा कहिल्यै हुँदैन । यस्ता तिघ्राको 'उपलब्धी' लाई गौरव गरेर राजनीतिको बाटो लिनेहरूले मुलुकमा स्थिरता, बिकास, शान्ति र सभ्यता पस्किन सक्दैनन् । यस्ता मुलुकहरू प्राय 'असफल' मुलुकमा गनिन्छन् । असभ्य मुलुकमा गनिन्छन् । अशिक्षित पिछडिएको मुलुकमा गनिन्छन् । किनकि ती संधैं तिघ्रको जीतलाई 'जनताको जीत' भनेर कुरूप परिभाषा लगाइदिन्छन् । अफ्रिकाका धेरै मुलुकहरू यस्तै 'तिघ्रे' राजनीतिको उपलब्धीलाई 'महान' भनेर कुलिन्छन् । त्यही भएर त्यहाँ न त स्थिरता छ, न न शान्ति छ, न त विकास छ, न त सभ्यता छ । यो 'तिघ्रे' वर्गमा ल्याटिन अमेरिकी केही मुलुकहरू जस्तै भेनेजुएला, कोलम्बिया, पेरू र एशियाका केही मुलुकहरू जस्तै पाकिस्तान, अफगानिस्तान, बंगलादेश, म्यानमार, भियतनाम, मध्यपूर्वका मुलुकहरू पर्छन् । यी मुलुकहरूमा हर राजनीतिको कोर्स अर्थात् बाटो 'तिघ्रा' ले तय गर्छ । निर्क्योल गर्छ । अनि जब तिघ्रा कमजोर हुन थाल्छन्, अर्को तिघ्रे निस्किन्छ र पहिलेको तिघ्रेलाई विस्थापित गर्छ, अनि बाहिर आएर फुक्छ बेस्सरी, 'जनताको चाहना बमोजिम महान परिवर्तन भएको छ ।' जसरी आज माओवादी पार्टी यो बिम्बकमा बिराजमान भएको छ ।

वाहा ! कति गज्जपको राजनीति ?

'तिघ्रे प्रजातन्त्र !'

भेनेजुएलामा यही भइरहेको छ । कोलम्बियामा यही भइरहेको छ । अर्जेन्टिना र पेरू पनि रून्छन् कनै कुनै बेला 'तिघ्रे प्रजातन्त्र' का आयामहरूले । अफ्रिकाका अधिकांश देशहरू यस्तै 'तिघ्राको' 'तिघ्राका लागि, तिघ्राले' मोडलको प्रजातन्त्रको मारमा छन् । क्यामरून, नाइजेरिया, बुर्किना फासो जस्ता मुलुकहरू रोइरहेका छन् यस्तै 'तिघ्रे प्रजातन्त्र'का आयामहरूले ।

मध्यपूर्वका प्यालेष्टाइन्, इजराइल, सिरिया पनि यस्तै 'तिघ्रे' प्रजातन्त्रको अभ्यास गरिरहन्छन् ।

दक्षिण एसियाली मुलुकहरू जस्तै अफगानिस्तान, पाकिस्तान, नेपाल, बंगलादेश यस्तै 'तिघ्रे' प्रजातन्त्रको अभ्यास गरिरहेका छन् । नेपालले 'तिघ्रे प्रजातन्त्र' को अभ्यास २००७ सालदेखि गरिरहेको छ । १०४ बर्षे राणाका तिघ्रा खिएपछि प्रजातन्त्र आयो अर्को 'प्रजातन्त्रे' तिघ्रा मार्फत । २०४६ मा पञ्चायतका ३० बर्षमा तिघ्रा खिएपछि कांग्रेस कम्युनिष्का बलिया तिघ्रामा चन्द्र शेखरको मलमपट्टी दलेपछि प्रजातन्त्र आयो ।

२०६३ सालमा रञ्जीत रे तथा श्यामशरणहरूले दश बर्ष बन्दुक पड्काएका माओवादीका बलिया तिघ्रामा मलमपट्टी लगाएपछि गणतन्त्र आएरै छाड्यो । आज फेरि अर्को तिघ्रावाला आएर परिवर्तन खोज्दैछ । भोलि त्यसलाई पनि पछार्ने अर्को तिघ्रावाला आएर यसलाई फेरि पछार्ने छ । यो 'तिघ्रे प्रजातन्त्र' अर्थात 'तिघ्रे लोकतन्त्र' निरन्तर बदलिरहनेछ । अनि मेरा हजुरबाले पनि तिघ्रे प्रजातन्त्र ल्याउन मरे, मेरा बाले पनि त्यही तिघ्रे प्रजातन्त्र ल्याउन मरे, मेरो पुस्ता पनि आज तिघ्रे प्रजातन्त्र ल्याउन मर्दैछ । सहिद हुँदैछ । मेरो छोर पनि त्यही तिघ्रे प्रजातन्त्रको लागि मर्ने छ । मेरो नाति पनि त्यही तिघ्रे प्रजातन्त्रको लागि मर्ने छ ।

**यो शिलशिला कहिलेसम्म राख्ने ?**

तर सभ्य, बिकसित, शिक्षित मुलुकहरूमा 'राजनीतिको कोर्स' 'तिघ्राले' तय गर्दैन । त्यहाँ जनताको अभिमतले तय गर्छ । त्यहाँ न त कसैसंग कुस्ती खेल्नु पर्छ, न त कसैलाई 'पाँडे' गाली गर्नु पर्छ । न त कसैलाई झुटो बोल्नु पर्छ । नैतिकता र इमान्दारिताको उत्कर्ष प्रस्तुत गरेर राजनीति हुन्छ र मुलुकलाई सभ्य, बिकसित, शिक्षत र सक्षम बनाइन्छ । जनताका आवाजको संबोधन गरिन्छ । भिन्न विचारहरूलाई बाँच्न दिइन्छ । अनि त्यहाँ सभ्य तरिकाले मतान्तरहरूलाई निर्क्योल गरिन्छ । त्यो पनि उन्नत प्रजातान्त्रिक बिधिबाट । त्यो भनेको जनमतसङ्ग्रह नै हो । यसरी मात्र जनताको अभिमतको सम्बोधन हुन्छ । जस्तो कि अष्ट्रेलियामा गणतन्त्रको माग हुँदा सन् १९९९ मा जनमतसंग्रह गराइयो र त्यसमा राजसंस्थालाई निरन्तरता दिनेको जीत भयो । त्यसले तिघ्राको राजनीतिलाई संधैको लागि समाप्त गरिदियो । आज त्यहाँ कसैले पनि यो कुरा उठाउँदैन । बेलायत युरोपेली युनियनमा नबस्ने भनेर जनताको आवाज उठेपछि बस्ने कि छाड्ने भनेर सन् २०१६ मा जनमतसंग्रह गराइयो । इयुबाट छुटिनेको जीत भयो । बेलायत इयुबाट अलग्गियो । संधैका लागि तिघ्रे राजनीतिको अंत्या भयो । आज त्यहाँ यो विषयमा कसैले कुरा उठाउँदैन ।

हामी चाहिं 'तिघ्रे प्रजातन्त्र' को अर्थात् 'तिघ्रे राजनीति' को अंत्य कहिले गर्छौं ? काठमान्डूले यो गर्न सक्ला ? अनि यसले आफ्नै आँखा अगाडि मान्छेको लाश ढलेको गीत गाउन बन्द गर्दा ? अनि हामी सभ्य बन्न कोषिश गरौंला ?

मैले गारै देखेको छु किनभने यो समय दलहरूले गर्ने 'सफल प्रजातान्त्रि अभ्यास' भनेको यही 'तिघ्रे प्रजातान्त्रिक अभ्यास' नै हो । यसैमा मात्र तिनको भलो भइरहन्छ ।

## सामाजिक सञ्जाल

# आफैले ल्याएको गणतन्त्रप्रति इमान्दार बन्नुस्

तोसिमा कार्की



माननिय तोसिमा कार्की लेख्छिन्, जब बोल्नेहरूलाई जेल कोच्न खोजिन्छ। जब लेख्नेहरूलाई जलाउन खोजिन्छ । पत्रपत्रिकाको मुख थुन्न खोजिन्छ अनि निडर भई कलम चलाउनेहरूलाई मृत्यु उपहार दिइन्छ। तब यो समाजले बुझ्नुपर्छ लोकतन्त्र खतरामा छ र यो खतरा लोकतन्त्रको खोल ओढेर गणतन्त्रको नाममा आफन्ततन्त्र, आसेपासेतन्त्र, स्वार्थतन्त्र, भ्रष्टतन्त्र र लुटतन्त्र मच्चाउनेहरुको कारण निम्तिएको जोखिम हो। यिनै ढोङ्गी गणतन्त्रवादीहरूको असफल नेतृत्वको कारण असफल सरकार प्रतिको वितृष्णा आज व्यवस्थाप्रतिकै आक्रोश बनेर सडकमा पोखिएको छ। यो आक्रोशको आगो र यसले सल्काएको द्वन्द्वले कति जनाको ज्यान लिने हो थाहा छैन। आजको आन्दोलनमा ज्यान गुमाउनु भएका सञ्चारकर्मी मित्र तथा नागरिकप्रति भावपूर्ण श्रद्धाञ्जली र दुःख व्यक्त गर्न चाहन्छु । यो दुर्घटना गर्ने गराउनेहरूलाई कडा कारबाहीको माग गर्दछु। लोकतन्त्रको उपहास गरेर लोकतन्त्रकै जगमा उभिएर आन्दोलनको नाममा सोझा निमुखा सर्वसाधारण जनताको जिउ धन माथी क्षतिगर्नु कदापि स्वीकार्य छैन। यो न राष्ट्रवाद हो न लोकतन्त्रवाद ! साथै यो सरकारलाई जनताको जिउ धन र ज्यानको सुरक्षाको लागि जिम्मेवार भइदिन र आफैले ल्याएको भनि दाबी गर्ने व्यवस्था (गणतन्त्रप्रति इमान्दार भइदिन आग्रह गर्न चाहन्छु ।

मैले भन्दै आएको छु। र म पटकपटक भन्छु। गणतन्त्र जोगाउनका लागि गणतन्त्रवादीहरू सडकमा उर्लिनु पर्दैन। सत्तामै हुनुहुन्छ। सत्ताको शक्ति सडकमा पोख्नु पर्दैन। आफैंले ल्याएको गणतन्त्रप्रति इमान्दार भइदिनुस्। सत्तामा बसेर जनताप्रति गर्नुपर्ने काम कर्तव्य अधिकार सही ढंगले गरिदिनुस्। गणतन्त्र आफैं जोगिन्छ । यस महत्वपूर्ण घडीमा, जब तनाव, विभाजन र केहि बाह्य तत्वहरुले हाम्रो समाजको सद्भावलाई चुनौती दिइरहेका छन्, हामी सबैले सम्झनुपर्छ कि नेपालको सबैभन्दा ठूलो शक्ति भनेकै नेपालीको एकता हो। हामी विभिन्न पृष्ठभूमि,आस्था, र राजनीतिक विचारधाराबाट आएका छौं, तर हामी सबैको एउटै साझा सपना छ(शान्तिपूर्ण, समृद्ध, र सार्वभौम नेपाल ।

हिंसा, अशान्ति, र विनाशले हामीलाई पछाडि मात्रै धकेल्छ। हाम्रो देशको भविष्य विग्रहको भग्नावशेषमा होइन, संवाद, समझदारी, र सामूहिक प्रयासको बलियो जगमा निर्माण हुनुपर्छ ।

म सबै राजनीतिक शक्ति, नागरिक समाज, युवाहरू, र चिन्तित नागरिकहरूलाई हार्दिक अपील गर्दछु(शान्ति, राष्ट्रिय एकता, सार्वभौम र लोकतान्त्रिक मूल्यहरूलाई सर्वोपरि राखौं। अस्थिरताको संस्कृतिलाई अन्त्य गर्ने समय आइसकेको छ। बन्द कोठामा हुने राजनीतिक सौदाबाजीले होइन, पारदर्शिता र जनताको विश्वासमा आधारित निर्णयहरू आजका अपरिहार्य आवश्यकता हुन् ।

यो युगले, यो माटोले अनि यो परिस्थितिले खोजेको अबको ऐतिहासिक राजनीतिक सुधारको हो( प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन प्रणाली। नेपाली नागरिकहरूले आफ्नो नेतृत्व आफैं छनोट गर्ने अवसर पाउनुपर्छ, न कि राजनैतिक दलहरुका शक्ति, खेल, भागवण्डा, गठबन्धन र गुप्त सम्झौताहरूको चपेटामा यो देशका युवाको भविष्यलाई सधैँ अचानोमा दाऊ लगाईरहने र छिया छिया बनाईरहने ! प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र उसको नेतृत्वको मन्त्रिपरिषद जुन जनता प्रति वास्तवमै उत्तरदायी, स्थिर, र राष्ट्रिय हितप्रति केन्द्रित हुनेछ, न कि संकीर्ण राजनीतिक स्वार्थमा !

समयमा आईसक्यो। अब ढिला नगरौं। अरु कसैले हाम्रो लडाईं लडिदेला भनेर पनि नकुरौं। हामी विचारधाराले विभाजित भएर होइन, नेपालप्रतिको साझा प्रेम र शान्तिपूर्ण, लोकतान्त्रिक, तथा समृद्ध भविष्यप्रतिको प्रतिबद्धताले एकजुट हौं।

शान्ति। एकता। उत्तरदायित्व। जवाफदेहिता । सुशासन । समृद्धि जनताबाट निर्वाचित, जनताको लागि समर्पित, जनतासँगै हातेमालो । जनताको सरकार । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री । ऐतिहासिक परिवर्तनको सहि समय यही हो ।'

# कर्णालीमा कृषिक्रान्ति विस्तार गर्दै विप्लव



दमक । नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द विप्लव पछिल्लो समय देशभर कृषिक्रान्ति विस्तार गर्ने अभियानमा सक्रिय रूपमा लागेका छन्। यही क्रममा उनी अहिले कर्णाली प्रदेशका विभिन्न जिल्लामा भेटघाटमा छन्।

अभियानका क्रममा आइतबार उनी कालीकोटको नरहरिनाथको माल्कोट, रुप्सालगायतका गाउँ पुगेका छन्। माओवादी विभाजनपछि मंसिर ०७१ मा आफ्नै नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) गठन गरेका विप्लवले अहिले राजनीति मात्र नभई कृषि र औद्योगिक क्षेत्रमा समेत आफ्नो ध्यानकेन्द्रित गरेका छन्।

उनको नेतृत्वको नेकपामाथि हिंसात्मक गतिविधिको आरोपमा २८ फागुन ०७५ मा केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारले प्रतिबन्ध लगाएको थियो।

भूमिगत अवस्थमा रहँदै आएका विप्लव २१ फागुन ०७७ मा सरकारसँग तीनबुँदे सहमति गर्दै सार्वजनिक भए। त्यसयता, उनले गृह जिल्ला कपिलवस्तुको शिवगढीमा सामूहिक कृषि खेती सुरु गरिसकेका छन्। 'आत्मनिर्भर अर्थतन्त्र, आत्मनिर्भर उत्पादन, आत्मनिर्भर पार्टी र आत्मनिर्भर नेता एवं कार्यकर्ता' नारासहित नेकपा पछिल्लो समय कर्णालीका बाँझो जमिनमा खेती अभियानमा सक्रिय छ। जुम्ला, कालिकोट, मुगु, हुम्लालगायतका जिल्लामा स्याउ, ओखर खेती र भेडापालन अभियान सञ्चालन भइरहेको छ।

गत ११ फागुनमा जुम्लाको हिमा गाउँपालिका(७, धौलापानीमा करिब १३ हजार वर्गमिटर क्षेत्रफलमा दुई हजार स्याउका बिरुवा तथा चार सय दाँते ओखरका बिरुवा रोपिएको छ। यसका लागि सहिद परिवारकी कृष्णकौरा शाहीको जग्गा २० वर्षका लागि लिजमा लिइएको छ। कालीकोटमा गत १२ फागुनमा तिला गुफा नगरपालिकास्थित फोइमा एक हजार स्याउ र पाँच सय दाँते ओखर रोपिएको छ। नेकपाले गत वर्ष पनि त्यहाँ दुई हजार स्याउ रोपेको थियो। हुम्ला, मुगु, सुर्खेत, दैलेख, सल्यान, जाजरकोट, रुकुम पश्चिमका विभिन्न क्षेत्रमा पनि धान, कोदो, दाल तथा अन्य बाली लगाइएको छ।

नेकपाले कालीकोटको रुप्सा गाउँका रामबहादुर बोहोराबाट २० लाखमा ९० वटा भेडा खरिद गरेको थियो। हाल भेडाको संख्या एक सय १८ पुगेको छ। ती भेडाको रेखदेख व सीको अध्यक्षतामा पाँचजनाको टोलीले गरिरहेको छ। शनिबार मात्रै विप्लवले त्रिवेणी साझेदारी भेडा फार्म उद्घाटन गरेका छन् ।

विप्लवले नेपाली युवाहरूलाई खाडीका मरुभूमिमा श्रम बेच्नुभन्दा स्वदेशमै श्रम गरौं, उत्पादन बढाऔं भन्दै कृषि र पशुपालनमा लाग्न आह्वान गरे। 'राजनीति मात्र गरेर हुँदैन, उत्पादनसँग जोड्नुपर्छ,' उनले भने, 'हिमालमा स्याउ, जडीबुटी, ओखर, पहाडमा सुन्तला, तराईमा धान, तरकारी तथा फलफूल उत्पादनमा जोड दिनुपर्छ।'

तीनै तहका सरकारले उत्पादनशील क्षेत्रमा लगानी गर्न नसकेको आरोप लगाउँदै उनले सबै पार्टीले उत्पादन वृद्धिका लागि योजना ल्याउनुपर्ने बताए। 'हाम्रो पार्टी अब उत्पादन वृद्धिका क्षेत्रमा केन्द्रित हुनेछ,' उनले भने। कर्णालीका विभिन्न जिल्लामा कृषिक्रान्तिको अभियान सञ्चालन गरेका विप्लव आइतबार काठमाडौं फर्किएका छन् ।

# अर्जुनधारामा नौमती बाजा बजाउने तालिम

दमक । दलित नगर उपभोक्ता समिति अर्जुनधाराको आयोजनामा एक महिने नौमती बाजा बजाउने तालिम शनिबारदेखि शुरू भएको छ ।

गत आर्थिक वर्षमा १८ जनालाई आधारभूत कोर्स सम्बन्धी तालिम प्रदान गरेको समितिले उनीहरूलाई यस आर्थिक वर्षमा एडभान्स कोर्स सम्बन्धी ज्ञान र सीप प्रदान गर्ने उद्देश्यले उक्त तालिमको आयोजना गरिएको समितिका सचिव धनकुमार नेपालीले जानकारी दिए ।

अर्जुनधारा-११ लक्ष्मीधापस्थित सभाहलमा सञ्चालन हुने तालिममा प्रशिक्षक नरेन्द्र दर्नालले प्रशिक्षण दिइने बताइएको छ । समितिकी अध्यक्ष माया खातीको अध्यक्षतामा आयोजित उक्त तालिमको प्रमुख अतिथि अर्जुनधारा नगरकार्यपालिका सदस्य एवम् सामाजिक विकास समितिका संयोजक कौशिलाल परियारले उद्‌घाटन गरेका थिए ।

कार्यक्रममा वडा सदस्यद्वय केशव अधिकारी र पूर्णबहादुर राई, नेपाली काँग्रेस वडा सभापति जगत राना मगर, नेकपा एमाले वडा अध्यक्ष वीरबहादुर राई, नेपाल चिया कफी श्रमिक संघ केन्द्रीय अध्यक्ष सन्तकुमार राई, समितिका सल्लाहकारद्वय पम्फादेवी विश्वकर्मा र रमेशकुमार दर्जीलगायतले मन्तव्य राखेका थिए ।

समितिका उपाध्यक्ष मानबहादुर सार्कीले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन सचिव नेपालीले गरेका थिए ।

# चिनी उत्पादनमा ह्रास

गत वर्षको तुलनामा उखुबाट चिनी उत्पादन अनुपातमा ह्रास आएको यहाँको गौशाला-१ स्थित एभरेष्ट चिनी उद्योगले जनाएको छ । सो उद्योगका अनुसार चालु आर्थिक वर्षमा एक क्विन्टल उखुबाट ८.७२ केजी चिनी उत्पादन भएको छ । गत वर्ष सोही परिणामको उखुबाट ९.११ केजी चिनी उत्पादन भएको उद्योगका महाप्रब्धक सुरेन्द्र शुक्लाले बताए ।

उद्योगले यसवर्ष लक्ष्यभन्दा करिब चार लाख क्विन्टल कम उखु 'क्रसिङ्' गरेको छ । गत मङ्सिर २६ गते सुरू भइ फागुन मसान्तसम्म सञ्चालनमा रहेको उद्योगले ३१ लाख चार हजार १६३ क्विन्टल उखु क्रसिङ् गरेर दुई लाख ७० हजार ५८८ क्विन्टल चिनी उत्पादन गरिएको शुक्लाले बताए । गत वर्ष उद्योगले २९ लाख चार हजार ५१२ क्विन्टल उखु क्रसिङ् गरेर दुई लाख ६४ हजार ५९१ क्विन्टल चिनी उत्पादन गरेको थियो ।

उखु क्रसिङ् र चिनी उत्पादनको परिमाण बढी देखिएपनि चिनी उत्पादनको अनुपात घटेको उद्योगले जनाएको छ । यसवर्षको उखुबाट चिनी उत्पादन अनुपात घट्नुको कारण खोजि भइरहेको उनले बताए ।

# १४ निजी अस्पताल अनुगमन गर्दा १३ बन्द



इटहरी । मिर्चैयाका १४ निजी अस्पताल अनुगमन, १३ बन्द, बिरामी छाडेर अस्पतालका सञ्चालक, चिकित्सक र कर्मचारी फरार

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले शनिबार साँझ सिराहाको मिर्चैया क्षेत्रमा सञ्चालित निजी स्वास्थ्य संस्थाको अनुगमनपछि १३ स्वास्थ्य संस्था बन्द गर्न निर्देशन दिएका छन् ।

मुख्यमन्त्री सिंहसहितको टोलीले अनुगमन थालेको सुइँको पाएपछि आठवटा स्वास्थ्य संस्था बन्द गरी सञ्चालक तथा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारी सम्पर्कविहीन बनेका छन् । अनुगमन टोली मिर्चैया बजार प्रवेश गरेपछि सञ्चालन अनुमति नलिई अवैध रूपले सञ्चालित आठ अस्पताल तथा पोलिक्लिनिक बन्द गरी सञ्चालकसँगै व्यवस्थापन तथा उपचारमा संलग्न कर्मचारी फरार भएको मुख्यमन्त्रीका प्रेस सल्लाहकार अनिलकुमार कर्णले बताए ।

अवैध रूपले सञ्चालित स्वास्थ्य संस्थामाथि कारबाही हुने डरले सञ्चालकसहित चिकित्सक, स्वास्थ्यकर्मीहरू स्वास्थ्य संस्था बन्द गरी फरार भएको उनले बताए। शनिबार साँझ करिब पाँच बजेदेखि तीन घण्टासम्म १४ स्वास्थ्य संस्था अनुगमन गर्दा सेवा सञ्चालन अनुमति नलिई सञ्चालनमा रहेका १३ अस्पताल तथा पोलिक्लिनिकलाई बन्द गर्न निर्देशन दिइएको छ ।

बन्द गर्न निर्देशन दिइएका अस्पतालमा समित माउन्ट हस्पिटल प्रा.लि., एस जेके पोलिक्लिनिक, मंगलम हेल्थ केयर सेन्टर (पोलिक्लिनक), सिद्धकामना हस्पिटल प्रा.लि., शान्ति हेल्थ केयर प्रा.लि., बाल संसार हेल्थ केयर प्रा.लि.,राम ओरल एन्ड डेन्टल क्लिनिक, रेखा नर्सिङ होम, मिथिला चस्माघर आँखा उपचार केन्द्र, बालकल्याण हेल्थ केयर प्रा.लि., विष्णु पोलिक्लिनिक, लक्ष्मी हेल्थ केयर प्रा.लि. र लाइफलाइन क्लिनिक छन् ।


मिर्चैया नगरपालिकाबाट १५ बेडको सेवा सञ्चालन अनुमति लिएको मनकामना मिड इस्टर्न अस्पतालमा मापदण्ड पूरा नगरी २५ शय्याभन्दा बढीको अस्पतालमा उपलब्ध हुने सेवा सञ्चालन भइरहेकाले १५ दिनभित्र अनुगमन गराई मापदण्डअनुसार सेवा सञ्चालन गर्न निर्देशन दिइएको छ ।

प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अस्पताल अनुगमन समितिका सदस्यसचिव र जनस्वास्थ्य अधिकृत सन्तोषकुमार ठाकुरले १५ शय्याको उक्त अस्पतालले आवश्यक आधारभूत स्वास्थ्य सेवा नदिई एनेस्थेसियाका चिकित्सक नराखी मेजर शल्यक्रिया गर्ने गरेको र भेन्टिलेटरसमेत नभएको पाइएको बताए । उक्त अस्पताललाई प्रदेशको मन्त्रालयको टोलीबाट १५ दिनभित्र अनुगमन गराई अनुमतिअनुसारको सेवा सञ्चालन गर्न निर्देशन दिइएको जनस्वास्थ्य अधिकृत ठाकुरले बताए ।

अनुगमन टोली पुगेका वेला सिद्धकामना हस्पिटल प्रा.लि.का सञ्चालक, चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीहरूले अस्पतालमा उपचार गराइरहेका आठ बिरामी र कुरुवालाई भित्र राखेर बाहिरबाट सटर डाउन गरी फरार भएका थिए । त्यहाँ भेटिएका र स्वास्थ्यकर्मी भनेर दाबी गरेका दुईजनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

जनस्वास्थ्य अधिकृत ठाकुरका अनुसार मुख्यमन्त्री सिंहले गत माघको अन्तिम सातादेखि थालेको अनुगमनअन्तर्गत अहिलेसम्म १५७ निजी स्वास्थ्य संस्थाको अनुगमन गरेकामध्ये १७ वटा मापदण्डअनुसारका पाइएका छन् भने मापदण्ड पूरा नगरेका १०८ वटा अस्पताल बन्द गराइएका छन् । नवीकरण नगराएका २५ अस्पताललाई नवीकरण गराउन समयसीमा दिइएको छ । बन्दमध्ये मापदण्ड पूरा गरेका पाँच अस्पताललाई प्रदेश मन्त्रालयको टोलीले अनुगमन गरी सञ्चालन गर्न अनुमति दिएको छ ।

## चालु आ.ब.का ८ महिनामा सय बढी उजुरी



काठमाडौं । चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो आठ महिनामा मात्रै न्यायाधीशहरूमाथि सय बढी उजुरी परेका छन् ।

न्याय परिषद्को पछिल्लो बुलेटिनअनुसार मंसिर २६ गतेसम्म ६६ वटा नयाँ उजुरी दर्ता भएका थिए । त्यसपछि फागुन मसान्तसम्म ३८ वटा उजुरी थपिएर जम्मा उजुरी संख्या १०४ पुगेको न्याय परिषद्का सहसचिव प्रवक्ता अशोककुमार क्षेत्रीले जानकारी दिए ।

पुस मसान्तसम्म अघिल्लो आर्थिक वर्षबाट सरेर आएका उजुरीको संख्या १९६ रहेको थियो । नयाँसहित हाल उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशहरूमाथि परेका उजुरीको संख्या ३ सय पुगेको छ । तर यस वर्ष तीमध्ये कुनै पनि उजुरीको फछ्र्योट हुन सकेको छैन ।

यस आवमा सबैभन्दा बढी खराब आचारण वा आचारसंहिताको गम्भीर उल्लंघनसम्बन्धी ३१ वटा उजुरी परेका छन् । यसबाहेक कार्यक्षमताको अभाव, बदनियतपूर्ण कार्य, खराब आचरणलगायत प्रकृतिका उजुरी न्याय परिषद्मा परेका छन् ।

जिम्मेवारी सरिआएका यस्ता उजुरीको संख्या १ सय रहेको छ । त्यसपछि कार्यक्षमता अभावका १५ उजुरी रहेका छन् । अघिल्लो आवबाट सरिआएका यस्ता उजुरीको संख्या ५५ रहेको छ । चालु उजुरीको न्यायधीशगत विवरणअनुसार खराब आचरण र गम्भीर आचारसंहिता उल्लंघन गर्ने उच्च अदालतका न्यायाधीशको संख्या १०४ र जिल्लाका ७८ रहेको छ ।

अघिल्लो आव २०८०/८१ मा १२३ उजुरी परेकोमा २५ उजुरी तामेलीमा राखिएको थियो भने बाँकी सरेर आएका थिए । यस्तै आव २०७९/८० मा ७१ उजुरी परेकोमा २२ तामेलीमा राखिए । तर यी आर्थिक वर्षममा परेका उजुरीमाथि न्यायाधीशलाई सचेत वा पदमुक्त गरिएको संख्या शून्य रहेको छ । २०७८/७९ मा २ वटा उजुरी परेकोमा ती पनि सरेर आएका थिए ।

अघिल्लो वर्ष २०८० फागुन १४ गते न्याय परिषद्ले अघिल्ला वर्षहरूका उजुरीहरु फछ्र्योट गर्ने क्रममा दुई न्यायाधीशहरु डा. नवराज थपलिया र अम्बिकाप्रसाद निरौलालाई बर्खास्त गरेको थियो ।

थपलियाविरूद्ध पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराका लागि घुस लेनदेनको बिचौलियाको काम गरेको र निरौलामाथि अपहरण, शरीर बन्धक तथा फिरौती लिएको कसुरमा दुर्गाबहादुर बुढाथोकीलाई भारतीय नागरिक भन्दै सफाइ दिई 'न्यायिक विचलन' गरेको आरोपमा न्याय परिषद्मा उजुरी परेको थियो ।



## किर्तिपुरका सबिनको अधुरो यात्रा

काठमाडौँ उपत्यकाको एउटा सामान्य बिहान। किर्तिपुरका २९ वर्षीय सबिन महार्जन, सधैंजस्तै उठे, चिया खाए, अनि श्रीमतीलाई भने, "आज बल्खु जान्छु, गाडी बनाउन दिएको छु, ल्याएर भोलिबाट फेरि हेटौडा चलाउनुपर्छ।" उनी यात्राका लागि सधैं तयार हुन्थे। १० वर्षदेखि काठमाडौँ-हेटौडा सुमो चलाउँदै आएका सबिनका लागि गाडी भनेको रोजगारी मात्र होइन, जिन्दगीको सहारा थियो।

त्यो दिन पनि उस्तै लाग्ने बिहान थियो – तर साँझ पर्खिरहेकी श्रीमतीलाई जे भयो, त्यो कल्पनाभन्दा बाहिरको थियो। एक अपरिचित नम्बरबाट आएको फोनले उनको जीवनको धरोहर चुँडिएर लगेजस्तो भयो। "त्भबअजष्लन ज्यकउष्तबआइपुग्नुस्, सबिनजीको अवस्था गम्भीर छ।" अस्पताल पुग्दासम्म खबर फेरिएको थियो – सबिन रहेनन्। घरमा श्रीमती बेहोस भइन्, सात वर्षीया छोरी आमा काखमा सुतिरहेकी थिई – नबुझ्ने उमेरकी, तर घरको वातावरणले आँसु बगाउन बाध्य।

सबिन न राजनीतिक कार्यकर्ता थिए, न आन्दोलनमा जान्थे। तर त्यो दिन उनी कसरी तिनकुने पुगे? आन्दोलनको भिडमा किन परे? त्यो परिवारको लागि अझै उत्तर नभएको प्रश्न हो। अनुमान छ – गाडी लिंदा केही काम पर्‍यो होला, बाटो रोकिन्थ्यो, झडप सुरू भयो होला। शायद उनी त्यहीं परे – दुर्भाग्यको सिकार।

एकजना मेहनती श्रमिक, एक असल पति, एक मायालु बाबुको यो असमायिक अन्त्यले सबैलाई स्तब्ध बनायो। अहिले उनको परिवार पिडामा छ – बिना जवाफ, बिना न्याय।

सबिनको कथाले हामीलाई सम्झाउँछ – राजनीति र आन्दोलनभन्दा टाढा रहनेहरु पनि कहिलेकाहीं राजनीति र हिंसाको सिकार बन्छन्। सबिनको जस्तो कहानीले राज्यलाई सोध्न बाध्य पार्छ – "के निर्दोष जनताको ज्यान सस्तो छ?"

सबिनका लागि न्याय खोज्नु अहिले केवल उनका परिवारको होइन, सम्पूर्ण समाजको जिम्मेवारी हो। उनका छोरीका आँशु सुकून्, श्रीमतीले शान्ति पाउन् – यतिमात्र हो आशा।

सबिन - जसको यात्रा अधुरो रह्यो।

### साहित्य/सिर्जना



## कमिला

♦ शान्त प्रसाद भट्टराई

जीवन चक्र कमिलाको विभिन्न रुपमा पाइन्छ ।
बुढीकमिला, ठाडकण्डे, चोर कमिला व्याङ्गे रहेछन ॥
वामपन्थी, घिउकमिला सलह झै भएका ।
ठुला, टोड्का घर वरपर कमिला हिंडिरहेका ॥
त्रेता, द्वापर युगमा कमिलाले जताततै विगार गरेका
शिवजीले अमृत पिउदा झरेको भाग सबैले पिएका ।
त्यसैगरी, अरिङ्गाल, विच्छउ शर्पले पनि पिएन ।
नत्र किन विष झै तिनले टोक्दा ज्वरो समेत आएको
धेरै कमिलाहरुले टोक्दा पनि २४ घण्टा त्यो विष रहेको
शीवजीका अञ्जुलीबाट पोखिएको यिनले पाएछन
मौरी, भीरमौरीकात कमै विष चोर कमिला पढि विष भएछन् ।
कमिला सामाजिक प्राणि सबैलाई एकगढ हुन सिकाउँछन ।
पहिले जडभरत कुनै प्राणि र कमिलासम्म नमार्ने प्रण लिएछन ।
रघुवर राजाको पाल्कि वोकेर हिडदा उफ्रन पुगेका
राजालाई दुख भई पाल्कि हल्लिएर हुर्मत भएका ॥
विदुर स्वर्गमा रहि चित्र गुप्तमा सहि काम गैर्दै रहेछन ।
माण्डव्य ऋषि सुलि चढाउँदा ठूला पाप गरेछन ।
उनले के पाप गरे भनि हेर्दा तीन वर्षमा घुडाले कमिला मारेका।
सानो वालकले अञ्जान घुडाले हिउँदर कमिला मरेका
ऋषिले श्रापर्दिंदा विपुर चित्र गुप्तबाट पृथ्वीमा आएका कमिलाको
वर्णन गर्न निकै कठिन सहयोग भएका

दमक–५


# अमेरिका पुगेका २१ पुरातात्विक महत्वका कलात्मक वस्तु नेपाल फिर्ता


















दमक । नेपालबाट चोरी भएर अमेरिका पुगेका २१ पुरातात्विक महत्वका कलात्मक वस्तु नेपाल फिर्ता ल्याइएका छन्। आइतवार बिहान पुरातत्व विभागले ती मूर्तिहरु सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरेको छ। यीमध्ये तीनवटा पौवा चित्र (१५-१८ औं शताब्दी) छन्। यी चित्र काठमाडौंको इटुम्बहालबाट वि.सं. २०३७ मा हराएका थिए।

त्यस्तै, एउटा प्रस्तरको स्थानक बुद्धको मूति (९ औं शताब्दी) बुङमतिको मच्छिन्द्रबहाल परिसरको चैत्यबाट हराएको थियो। साथै, आर्ट इन्स्टिच्युट शिकागोबाट फिर्ता भएको पाटनको गुइत टोलको गुइत चैत्यको प्रस्तरको मुद्धलिन्द बुद्धको मूर्ति बान-१ (१२-१३ औं शताब्दी) र अन्य १६ कलात्मक वस्तु (९-१९ औं शताब्दी) पनि नेपालका विभिन्न ठाउँबाट हराएर अमेरिका पुगेका थिए।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रिप्रसाद पाण्डेले भने, 'नेपाली सम्पदा संसारको जुनसुकै कुनामा पुगे पनि तिनको महत्व बुझेर फर्काउने क्षमता हामीसँग छ। अब नेपालबाट मूर्ति चोर्ने हिम्मत कसैले गर्न सक्दैन।' उनले विगतमा हराएका वस्तु अहिले फर्किनु सकारात्मक भएको बताए। 'पहिले यस्ता सम्पदा कसरी गए?' भन्दै प्रश्न गरे। उनले अब दुराचार गर्ने समय नभएको र चोरी हुन नसक्ने दाबी गरे। मूर्ति प्रतिस्थापनका लागि सरकार प्रतिबद्ध रहेको र आर्थिक चिन्ता नलिन आग्रह गरे। 'स्थानीय सरकार आफ्नो आस्था जोगाउन सक्षम छ,' उनले भने। 'आस्थाका धरोहर हराएका ठाउँमै फर्काउन हामी प्रतिबद्ध छौं।'

हालसम्म बेलायत, अस्ट्रिया, अमेरिका, चीन (तिब्बत), भारत, जर्मनी, अस्ट्रेलिया र इटलीबाट १७७ पुरातात्विक महत्वका मूर्ति र कलात्मक वस्तु विभिन्न व्यक्ति तथा संघसंस्थाको प्रयासबाट फिर्ता भएका छन्। अमेरिका, फ्रान्स, बेलायत, चीन, अस्ट्रिया, अस्ट्रेलियालगायत देशबाट थप वस्तु फर्काउन कूटनीतिक पहल भइरहेको छ। संयुक्त राज्य अमेरिकाबाट मात्र नेपालमा फिर्ता भएका पुरातात्विक वस्तुको संख्या १०४ पुगेको छ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि: दमक: ०२३-५८०९१४
जनक कार्की : ९८५२६७०१७४/९८०१४०१४४१
भगवान बस्नेत : ९८५२६७००३१
भट्टा सम्पर्क : ९८०१४१४०४२/९८०१४०१४०

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईंहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७


## दैनिक राशिफल



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

आज मिति २०८१ साल चैत्र १८ गते सोमबार 31 Mar. 2025 तिथि: द्वितीया

- **मेष** (चु चे चो ला लि लुँ ले लो अ): धर्ममा रुचि । सोचे जस्तो आम्दानी नहुने ।
- **वृष** (इ उ ए ओ वा वि वु वे वो): शारीरिक पीडा । आफन्तबाट सहयोग ।
- **मिथुन** (का कि कु घ ङ छ के को हा): व्यापारबाट लाभ । जीवनसाथीसँग विवाद ।
- **कर्कट** (चु चे लो ला लि लँ ले लो अ): मावलीको सहयोग । धन लाभ, शत्रु बढ्ने ।
- **सिंह**: पठन-पाठनमा समस्या । व्यवहारमा समस्या ।
- **कन्या**: यातायातको साधनमा केही समस्या । माताजनमा कष्ट ।
- **तुला** (हि हु हे हो डा डि डु डे डो): काम गर्ने जाँगर चल्ने । उत्तम भोजन ।
- **वृश्चिक** (तो ना नि नँ ने नो या यि यु): खर्च बढ्ने । अनावश्यक भ्रमण ।
- **धनु** (य यो भा भी भ धा फा ढ भे): आयमा वृद्धि । शत्रुको भय ।
- **मकर** (भो जा जी खि खू खे खो गा गी): प्रेममा बाधा । आयमा कमी ।
- **कुम्भ** (गँ गे गो सा सी सँ से सो द): आर्थिक उन्नति । शुभकार्यमा सरिक ।
- **मीन** (दि दु थ झ ञ दे दो चा ची): रोजगारीको अवसर । मित्रबाट सहयोग ।

# पत्रकार सुब्बासहित छ जना सम्मनित



**दमक/** झापास्थित दमकका अग्रज पत्रकार बिष्णु सुब्बा सम्मानित भएका छन् । प्रथम ज्योतिष दिवसको अवसर पारेर दक्षिण एशियाली ज्योतिष महासंघ कोशी प्रदेशको आयोजनामा आइतवार झापाको शिवसताक्षी नगरपालिका वडा न. १० स्थित माईधारमा आयोजित कार्यक्रममा पत्रकार सुब्बा सम्मानित भएका हुन् । महासंघ झापाका केन्द्रीय प्रतिनिधि सुब्बालाई सम्मान पत्र, नगद राशीसहित दोसल्ला ओढाएर सम्मान गरिएको हो ।

तीन दशकदेखि पत्रकारिता क्षेत्रमा कृयाशील सुब्बा हाल राष्ट्रिय समाचार समितिको संवाददातासहित प्रदेशबाणी अनलाईन न्यूज पोर्टलका सम्पादक तथा सञ्चालक समेत हुन् । ज्योतिष महासंघका कोशी प्रदेश अध्यक्ष बाबुराम निरौलाको अध्यक्षता तथा शिवसताक्षी नगरपालिकाकी उपप्रमुख नरमाया कार्कीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा महासंघका केन्द्रीय उपाध्यक्ष सिताराम लुईंटेल, बिदुशी बृन्दा बराल लगायतले सुब्बालाई सम्मान गरे ।

परिषदले सुब्बासहित ज्योतिष विधाबाट सिन्धुशास्त्री सन्तोष पोखेल,ज्येष्ठ ज्योतिष गिताराम लम्साल, धर्मशास्त्र विधाबाट दिुषी वृन्दा बराल, ज्योतिष तन्त्रबाट ज्ञानेन्द्र खरेल, सहयोगी दाताका रूपमा गोमादेवी मिश्र (न्यौपाने ) गरि छ जनालाई सम्मान गरिएको थियो ।

झापा जिल्लाभरका ज्योतिष महासंघमा आबद्ध सदस्यहरूको उपस्थिति रहेको कार्यक्रममा सहभागि वक्ताहरूले पूर्विय सभ्यतामा ज्योतिष बिज्ञानको ठुलो महत्व रहेकाले ज्योतिष विज्ञानको विकासमा जोड दिएका थिए ।

प्रमुख अतिथि उपप्रमुख कार्कीले ज्योतिष पनि एउटा बिज्ञाननै भएकाले यस विधाको विकासमा सवै लाग्नु पर्ने औल्याईन् ।

सोहि अवसरमा परिषदले ज्योतिषहरूवीच हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गरिएको थियो । ज्योतिषहरूको विषयमा आयोजित सो हाजिरीजवाफ प्रतियोगितामा विजयी ज्योतिषहरूलाई पुरस्कृत गरिएको थियो।

# गजकाली मन्दिरमा पुराण लगाईने

**दमक/** झापाको दमक-२ मा अवस्थित ऐतिहासिक गजकाली मन्दिरमा आगामी चैत्र २३ गतेदेखि पुराण कार्यक्रम सुरू हुने भएको छ । पुराणको शुभारम्भ झाँकीसहितको भव्य शोभायात्राबाट गरिने आयोजकहरूले जनाएका छन् । कार्यक्रमको दोस्रो दिन, चैत्र २४ गतेदेखि पाठ-परायण, नित्य पूजा, आरती तथा कथा प्रवचन सुरू हुनेछ । प्रत्येक दिन बिहान ९ बजेदेखि धार्मिक कार्यक्रमहरु सञ्चालन हुने पुराण संयोजक विजय बरालले जानकारी दिए।

पुराणको समापन चैत्र २९ गते तिलाञ्जली तथा तिलक प्रसाद वितरणका साथ सम्पन्न गरिनेछ ।

**दमकमा.....**संस्थाका अध्यक्ष बालकृष्ण श्रेष्ठले बताए, "तर संरक्षण नहुँदा हामी मर्माहित भएका छौं।" दमक ७ नगरपालिकाले सो स्थानमा राजनीतिक कार्यक्रम गर्न नपाइने भनेर पत्र जारी गरे पनि त्यसको कार्यान्वयन नभएको उनीहरूको गुनासो छ ।

स्थानमा विभिन्न दाताहरूको सहयोगमा फलैचा, बत्ती, निःशुल्क वाइफाइ, धाराको सुविधा तथा कलजस्ता सामग्रीहरू पनि स्थापना गरिएको छ । यी सबै सुविधा तथा हरियालीको संरक्षणमा स्थानीय सरकारको ध्यान पुर्‍याउन युवाहरूले बारम्बार आग्रह गर्दै आएका छन् । तर हालसम्म कुनै ठोस कदम नचालिएको उनीहरूको भनाइ छ । स्थानीय सरकारले युवाहरूको प्रयासप्रति गम्भीर ध्यान दिनुपर्ने र सार्वजनिक स्थानमा हरियाली जोगाउने दिशामा तत्काल कदम चाल्नुपर्ने आवश्यकता देखिएको छ ।

**बेलबारीमा...**फरार रहेकाको खोजी भइरहेको प्रहरीले जनाएको छ । पक्राउ परेकाहरूलाई इलाका प्रहरी कार्यालय बेलबारीको हिरासतमा राखिएको छ । कानुनी कारबाहीका लागि म्याद थप गरेर अनुसन्धानको बाँकी प्रक्रिया अघि बढाइने एसपी चिमरियाले बताए ।

**केबुलकार.....** लागि गत माघ २२ गते गृह मन्त्रालयद्वारा वार्ता टोली गठन गरिएको थियो । फागुन ९, १२ गते र चैत १ गते गृह मन्त्रालयले आन्दोलनरत पक्षलाई वार्तामा आउन आह्वान गरेको थियो । यस्तै यसअघि वार्ता समन्वय समितिमात्र बनाएको 'नो केबुलकार समूह' ले पनि खगेन्द्र फेम्बु लिम्बूको संयोजकत्वमा उच्चस्तरीय वार्ता समिति गठन गरेको छ । पाँच सदस्यीय वार्ता समितिको सदस्यमा श्रीप्रसाद लिंखिम, सरस्वता (सरू) सिंगक, धनराज लिम्बू र सन्तोष मेहता रहेका छन् । तर, वार्ता अझै हुन सकेको छैन ।

***ताप्लेजुङमा....*** *जिल्ला प्रहरी कार्यालयका अनुसार चालु आर्थिक वर्षको साउनदेखि फागुन १६ गतेसम्म १५ स्थानमा आगलागीका घटना भएका छन् । ती घटनामा ११ घर पूर्ण रूपमा जलेका छन् भने ११ परिवार विस्थापित भएका छन् ।*

*जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी विवेक बस्नेतका अनुसार एक घटनामा श्रीमान-श्रीमतीबीचको झगडाका कारण आगलागी हुँदा रू पाँच लाख बराबरको क्षति पुगेको छ । त्यस्तै, चार वटा पुलमा आगलागीबाट क्षति पुगेको छ । उनले चालु आवको नौ महिनामा आगलागीबाट रू ५७ लाख ९५ हजार बराबरको क्षति भएको जानकारी दिए ।*

*गत आवमा आगलागीका कारण जिल्लामा ३२ घर जलेर नष्ट भएका थिए भने एक हजार ५६० रोपनी वन क्षेत्र नष्ट भएको थियो । आगलागीका घटनाले जनधनको मात्र होइन, वन सम्पदा, वन्यजन्तु, पूर्वाधारलगायत संरचनामा गम्भीर क्षति पुर्‍याउने भन्दै सावधानी अपनाउन जिल्ला प्रहरी कार्यालयले सबैलाई अनुरोध गरेको छ ।*

***निरंकुशता....***वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलशमशेर जबरासहित ११ जनालाई राज्यविरूद्धको कसुरसहित तीनवटा अभियोगमा अनुसन्धान गरिने भएको छ । प्रहरीले ती अभियोगमा अनुसन्धानका लागि म्याद थप गर्न भन्दै उनीहरूलाई अदालतमा उपस्थित गराएको छ । त्यसबाहेक ३० जनालाई भने आपराधिक उपद्रवको अभियोग लगाइएको छ । अनुसन्धानका लागि सरकारी वकिल कार्यालयले जिल्ला अदालत काठमाडौंमा १० दिनेको म्याद थप भएको सरकारी वकिलको कार्यालयले जनाएको छ ।

**राजसंस्था पुनःस्थापनाको नेतृत्वमा गुरुङ**

राजसंस्थापक्षधरले घोषणा गरेको संयुक्त जनआन्दोलन समितिको नेतृत्व अब जगमान गुरूङले गर्ने भएका छन् । आफू नजरबन्दमा परेपछि नवराज सुवेदीले गुरूङलाई नेतृत्वको जिम्मेवारी दिएका हुन् । आइतबार प्रेस विज्ञप्ति जारी गर्दै उनले भनेका छन्, 'सरकारले मलाई नजरबन्दमा राखेको हुनाले मेरो अनुपस्थितिमा संयुक्त जनआन्दोलनको नेतृत्व नेपाल ऋषि जगमान गुरूङले नेतृत्व गर्नुहुनेछ ।'

शुक्रबारको राजावादीको प्रदर्शन हिंसात्मक बनेपछि सुवेदीलाई नजरबन्दमा राखिएको छ । शुक्रबार राजावादी प्रदर्शनकारीले निजी र सरकारी सम्पत्तिमा व्यापक तोडफोड, लुटपाट र आगजनीसमेत गरेका थिए । प्रदर्शनका क्रममा एक पत्रकारसहित दुई जनाको मृत्यु भएको छ ।

**दुर्गा प्रसाईको अभिव्यक्ति**

गत शुक्रबार तीनकुने क्षेत्रमा प्रदर्शन गरेको 'संयुक्त जनआन्दोलन समिति' का 'जनकमान्डर' दुर्गा प्रसाईंले आफू नभागेको अभिव्यक्ति दिएका छन्। आइतबार सामाजिक सञ्जाल फेसबुक लाइभमा आएर उनले आफूलाई देख्ने बित्तिकै गोली हान्ने प्रधानमन्त्रीको निर्देशन भएको हुँदा सुरक्षित बसेको बताएका हुन्।

प्रसाईंले भने, 'म भागेको छैन र म भाग्दिन पनि । पुलिस प्रशासनले मलाई खोज्नु पर्दैन । मलाई गोन्जालोज बनाएर यो आन्दोलनलाई दबाउने कोसिस गरिएको छ । म सुरक्षित मात्रै बसेको हो । मलाई भेटेको ठाउँमा गोली हान्नु भन्ने प्रधानमन्त्रीको आदेश छ भन्ने सुनेपछि म सुरक्षित ठाउँमा बसेका छु । म नेपाल र नेपालीलाई छाडेर भाग्दिँन । म भाग्नलाई जन्मेको हैन । म झुक्नलाई जन्मेको हैन । बरू म मर्छु तर तपाईंहरूको अगाडि नै मर्छु ।'


## सीप सिकौं, आत्मनिर्भर बनौं

- एभरेष्ट डल हाउस एण्ड ट्रेनिङ सेन्टरमा ५० प्रतिशत छुटमा ट्रेनिङ दिइदैछ ।
- तालिम पश्चात् रोजगारीको व्यवस्था छ ।
- घरमै बसेर डल बनाउने सुविधाको व्यवस्था पनि छ । सम्पर्क राख्नुहोस् ।

**एभरेष्ट डल हाउस**, फाल्गुनन्द चोक
दमक-झापा (९८१७९७९१००)


## मोटरसाइकल हराएको सूचना

मिति २०८१ जेठ१२ गते राती दमक-८ झापास्थित आफ्नै घरमा पार्किङ गरेर राखेको निम्न विवरणको मोटरसाइकल आज मिति २०८१ चैत्र १७ गतेसम्म पनि फेला नपरेको हुँदा भेट्नु हुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध छ ।

**विवरण :**
सवारी धनीको नामः सेर बहादुर लिम्वु चेम्जुङ
चेसिस नम्बरः **LTMKD1190N5107144**
इन्जिन नम्बर : **KDO7E 2325945**
रंग : **रातो/सेतो**
मोटरसाइकल नम्बर : **प्र.१-०१-०१५ प-५२३२**
मोटरसाइकल कम्पनि : **Honda XR-150L**
सम्पर्क नम्बरः **9852670580**

## एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड

*प्रधान कार्यालय, एशियन लाईफ भवन, मैतिदेवी, काठमाण्डौ*

## बीमालेख हराएको सूचना

यस कम्पनी को दमक बाट जारी भएको तपसिल बमोजिमको बीमालेख हराएकोले सो को प्रतिलिपि बीमालेख जारी गरी पाउँ भन्ने व्यहोरा सहितको निवेदन सम्बन्धित बीमितहरुबाट यस कम्पनीमा प्राप्त भएको छ। सो बीमालेख उपर कोही कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र यस कम्पनीको प्रधान कार्यालयमा प्रमाण सहित निवेदन दर्ता गराउनु हुन यो सुचना प्रकाशित गरिएको छ। अन्यथा निवेदकको माग बमोजिम सम्बन्धित बीमितको नाममा प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.म | बीमालेख नं. | नाम | ठेगाना |
|---|---|---|---|
| 1 | 58090002411 | Suman Bishwakarma | दमक |
| 2 | 58090002412 | Suman Bishwakarma | दमक |

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याजतथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्रपनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

| क्रस | कर्जा ग्राहकको नाम | ठेगाना | बाजेको नाम | ग्राहकको पिताको नाम | उद्देश्य | बाकी सौंवा रकम रु. | मिति २०८१।११।३० सम्मको व्याज रु | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामादिने/ जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रवेश कृषि फर्म (साझेदारहरुः गुणराज खतिवडार पिताम्बर खतिवडा) | गौरादह ६ | दामोदर खतिवडा | तिलचन खतिवडा | व्यवसायिक कृषि तथा पशुपंक्षी कर्जा | २१,०२,८२१। | १,२५,७८६। | २२,२८,६०७। | चन्पाकुमारी भण्डारी खतिवडा |
| २ | थापा कृषि तथा पशुपालन (प्रो.राधा थापा) | गौरादह २ | **ससुराः** छत्र बहादुर थापा | **पतिः**रामबहादुर थापा | व्यवसायिक कृषितथा पशुपन्छि कर्जा | ७,९६,५९८। | ५४,३१४। | ८,५०,९१२। | रामबहादुर थापा |
| ३ | भद्र सिंह ताजपुरीया | गौरिगन्ज ८ | फकिर चन्द्र ताजपुरीया | लाल जित ताजपुरीया | सरल कृषि कर्जा | ८,४०,०००। | ४३,१५०। | ८,८३,१५०। | चापा ताजपुरीया |

**कृषि विकास बैंक लि.**
प्रदेश कार्यालय बिराटनगर

## हिमालयन बैंक लिमिटेडको
## ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट लिएको ऋणकर्जाको समय समयमा तिर्नु बुझाउन पर्ने साँबा, व्याज आदि नतिरी नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको तथा पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्नु नभएकोले यो सुचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्र धनि बैकमा सम्पर्क राखी लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, व्याज दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला अन्यथा ऐन कानुन तथा ऋणी र बैकबीच भएको लिखत अनुसार कारवाही गरी कालोसुचीमा राखि बैंकको लेना असुल उपर गरिने छ। साथै धितो तथा व्यक्तिगत जमानी दिनुहुने महानुभावहरुलाई समेतले यसै सुचनाबाट जानकारी लिनुहुन अनुरोध गरेका छौं ।

**तपशील**

| ऋणी / ऋणीहरुको विवरण | धितोको विवरण |
|---|---|
| **शाखा कार्यालय : दमहक, झापा ।** | |
| १. घरेलु तथा साना उद्योग कार्यालय विराटनगर, मोरङ्गमा प्रा.फ.न.घ.उ.मो. १६६८५/०७७/०७८ कायम भै मिति २०७७।०४।१२ मा दर्ता भएको **राज देवि सेलर मिल (ऋणी)**<br>**प्रोपाइटर/व्यक्तिगत जमानी दिने : केशव शाह**<br>व्यक्तिगत जमानी दिने :<br>**फुल कुमारी साह तेली,**<br>**गिता कुमारी साह,**<br>**शुभम साह,**<br>**संस्कार शाह**<br>**सत्यम शाह** | १. शिवलोचन साहु तेलीको नाती, राधेश्याम साहु तेलीको छोरा, साविक मोरंग जिल्ला, मधुमल्ला गा.बि.स वडा नं. १, हाल परिवर्तित मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ९ बस्ने **केशब शाह**को नाममा दर्ता कायम रहेको साविक मोरंग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. १, हाल परिवर्तित मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ९ स्थित कित्ता नं. १४२६ को क्षेत्रफल ०-९-१७-१ ब.मी. ऐ.ऐ कित्ता नं. १२७२ को क्षेत्रफल ०-०-११-२ (विघा) ब.मी. को जग्गा समेत । |
| २. घरेलु तथा साना उद्योग कार्यालय झापामा प्रा.फ.र.न. १४१-९१५/०६५/०६६ कायम भै मिति २०६५।०५।२६ मा दर्ता भएको **शुभम् सत्यम् गल्ला खरिद विक्री (ऋणी)**<br>**प्रोपाइटर/व्यक्तिगत जमानी दिने : केशव शाह**<br>**व्यक्तिगत जमानी दिने :**<br>जय गोपाल साहु तेली,<br>गिता कुमारी साह,<br>राधेश्याम साहु तेली,<br>केशव **शाह**,<br>सकुन्तला देवी साहु तेली,<br>फुल कुमारी साहु तेली,<br>**सत्यम शाह** समेत | १. शिवलोचन साह तेलीको नाती, राधेश्याम साहु तेलीको छोरा, साविक मोरंग जिल्ला, मधुमल्ला गा.बि.स वडा नं. १, हाल परिवर्तित मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ९ बस्ने **केशब शाह**को नाममा दर्ता कायम रहेको<br>(क) मोरंग जिल्ला, मधुमल्ला गा.बि.स वडा नं. १ (हाल परिवर्तित मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ९) स्थित कित्ता नं. ६५५ को क्षेत्रफल ०-०-१-० (विघा) र कित्ता नं. ७६० को क्षेत्रफल ०-०-९-० (विघा) को जग्गा समेत ।<br>(ख)**झापा** जिल्ला, दमक न.पा. वडा नं. १, हाल परिवर्तित दमक नगरपालिका वडा नं. १ स्थित कित्ता नं. २१७९८ को क्षेत्रफल ०-०-५-० (विघा) र कित्ता नं. २१८०० को क्षेत्रफल ०-०-१/४-० (विघा) को जग्गा समेत ।<br>२. शिवलोचन साह तेलीको वुहारी, राधेश्याम साह तेलीको पत्नि, साविक मोरंग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. १, हाल परिवर्तित मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ९ बस्ने **सकुन्तला देवी साहु तेली**को नाममा दर्ता कायम रहेको<br>(क) **झापा** जिल्ला, दमक न.पा. वडा नं. १, हाल परिवर्तित दमक नगरपालिका वडा नं.१ स्थित कित्ता नं. ७४४५ को क्षेत्रफल ०-२-०-० (विघा) को जग्गा समेत ।<br>(ख)**झापा** जिल्ला, दमक न.पा. वडा नं. १, हाल परिवर्तित दमक नगरपालिका वडा नं. १ स्थित कित्ता नं. ४०१९ को क्षेत्रफल ०-२-०-० (विघा) को जग्गा समेत ।<br>३. .सखिचन साहको नाती, शिवलोचन साह तेलीको छोरा,साविक मोरंग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. १, हाल परिवर्तित मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ९ बस्ने **राधेश्याम साहु तेली**को नाममा दर्ता कायम रहेको साविक **झापा** जिल्ला, दमक न.पा. वडा नं. १, हाल परिवर्तित दमक नगरपालिका वडा नं.१ स्थित कित्ता नं. १०५२८ को क्षेत्रफल ०-१-०-० (विघा) को जग्गा समेत । |
| ३. वाणिज्य कार्यालय विराटनगर, मोरङ्गमा प्रा.फ.र.न. ११६-२६८३ कायम भै मिति २०६८।०६।०८ मा दर्ता भएको<br>**जय गोपाल गल्ला खरिद विक्री केन्द्र (ऋणी)**<br>**प्रोपाइटर /व्यक्तिगत जमानी दिनेः जय गोपाल साहु तेली**<br>**व्यक्तिगत जमानी दिने :**<br>**केशव शाह,**<br>**फुल कुमारी साहु तेली**<br>**जय गोपाल साह तेली,**<br>**राधेश्याम साहु तेली,**<br>**सकुन्तला देवी साहु तेली,**<br>**गिता कुमारी साह,**<br>**सत्यम शाह**<br>**शुभम साह**<br>**संस्कार शाह** | १. शिवलोचन साहु तेलीको नाती, राधेश्याम साहु तेलीको छोरा, साविक मोरंग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. १, हाल परिवर्तित मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ९ बस्ने **जय गोपाल साहु तेली**को नाममा दर्ता कायम रहेको<br>(क)मोरंग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. १, हाल परिवर्तित मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ९ स्थित कित्ता नं. १५४ को क्षेत्रफल ०-०-७-० (विघा), कित्ता नं. १५५ को क्षेत्रफल ०-०-९-०, कित्ता नं. ६७४ को क्षेत्रफल ०-०-८-०, कित्ता नं. ९०० को क्षेत्रफल ०-२-४-० र कित्ता नं. ९०७ को क्षेत्रफल ०-६-४-० को जग्गा समेत ।<br>(ख)मोरंग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. १, हाल परिवर्तित मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ९ स्थित कित्ता नं. २६७ को क्षेत्रफल ०-३-१८-० (विघा), कित्ता नं. २६८ को क्षेत्रफल ०-४-१२-०, कित्ता नं. २६९ को क्षेत्रफल ०-५-९-०, कित्ता नं. २७१ को क्षेत्रफल ०-११-२-०, कत्ता नं. २७२ को क्षेत्रफल ०-१०-८-० र कित्ता नं. २७३ को क्षेत्रफल ०-९-११-० को जग्गा समेत ।<br>(ग)मोरंग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. १, हाल परिवर्तित मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ९ स्थित कित्ता नं. ११६५ को क्षेत्रफल ०-५-८.२५ (विघा) को जग्गा समेत ।<br>२. शिवलोचन साहु तेलीको वुहारी, राधेश्याम साहु तेलीको पत्नि, साविक मोरंग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. १, हाल परिवर्तित मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ९ बस्ने **सकुन्तला देवी साहु तेली**को नाममा दर्ता कायम रहेको साविक मोरंग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. १, हाल परिवर्तित मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ९ स्थित कित्ता नं. ११७९ को क्षेत्रफल ०-०-१२-० (विघा), कित्ता नं. ११७४ को क्षेत्रफल ०-४-७-३ (विघा), कित्ता नं. ११३० को क्षेत्रफल ०-०-९-३ (विघा), कित्ता नं. ११८२ को क्षेत्रफल ०-५-०-२ (विघा) र कित्ता नं. ११८० को क्षेत्रफल ०-१-१०-० (विघा) को जग्गा समेत ।<br>३.सखिचन साहु तेलीको नाती, शिवलोचन साहु तेलीको छोरा,साविक मोरंग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. १, हाल परिवर्तित मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ९ बस्ने **राधेश्याम साहु तेली**को नाममा दर्ता कायम रहेको साविक मोरंग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. १, हाल परिवर्तित मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ९ स्थित कित्ता नं. ८९७ को क्षेत्रफल ०-२-४-० (विघा) र कित्ता नं. ११३२ को क्षेत्रफल ०-९-१४-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर समेत । |
| ४.शिवलोचन साहु तेलीको नाती, राधाकृष्ण साहु तेलीको छोरा, साविक मोरंग जिल्ला, मधुमल्ला गा.बि.स वडा नं. १, हाल परिवर्तित मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ९ बस्ने<br>**ऋणी / व्यक्तिगत जमानी दिने खेम कुमार साह तेली**<br>**व्यक्तिगत जमानी दिने :**<br>**खेम कुमार साहु तेली,**<br>**लक्ष्मी साहु तेली,**<br>**विजय कुमार साहु तेली,**<br>**महालक्ष्मी साहु तेली,**<br>**लछिया देवी साहु तेली** | घघरी साह तेलीको बुहारी, राधाकृष्ण साह तेलीको पत्नी, साविक मोरङ्ग जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. १, हाल परिवर्तित परिवर्तित मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ९ बस्ने **लछिया देवी साहु तेली**को नाममा दर्ता कायम रहेको साविक मधुमल्ला गा.वि.स. वडा नं. १, हाल परिवर्तित मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ९ स्थित कित्ता नं. ७३० को क्षेत्रफल ०-०-४-० (विघा) ऐ.ऐ कित्ता नं. ७५३ को क्षेत्रफल ०-०-८-० (विघा) को जग्गा समेत । |

HBL Himalayan Bank Ltd.
हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
कर्जा असुली विभाग, सिटिसि सुन्धारा, काठमाडौं
फोन नं. ०१-५३६४१७४, पो.ब.नं. २०५९० काठमाडौं

**प्रधान सम्पादक/प्रकाशकः** गञ्जबहादुर दाहाल, **प्रबन्धकः** सुवासचन्द्र भट्टराई, **कार्यकारी सम्पादकः** खगेन्द्र कार्की **ले-आउटः** सुरेन बस्नेत, **सल्लाहकार सम्पादकः** पंकज दाहाल
**कार्यालयः** दमक-५, झापा, फोनः ०२३-५८०२७२/५८१७०७, **मुद्रणः** ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com